# *मृत्यु सायद जीवनमिथक*

*-यादव थपलिया*

मृत्यु
सायद
एउटा मिथक,
जीवनमिथक ।

मृत्यु सायद केही होइन
मृत्यु कुनै साधन होइन
कुनै साध्य पनि होइन
क्रिया न कारण हो,
केवल झूटहरूबीचको महाझूट
केवल सत्यहरूबीचको महासत्य
केवल जीवनमिथक ।

केही हुँदै होइन मृत्यु
र, पनि यहाँ कोही बाँचिरहेका छैनन्
सबै-सबै
अनेक
रूप/रंग/स्वभाव
र, ढंगमा मृत्युवरण मात्रै गरिरहेछन् ।

जीवनहरू !
जीवहरू !!
जगत्हरू !!!
त्यसैले तिमीहरू पनि सबै-सबै मर
तिमीहरू पनि हामीजस्तै सधैं
मृत्युवरण गर ।
खानेहरू खाई मात्र रहेर,
भोकाहरू भोकै रहेर
यात्रीहरू यात्रा गरेर
कर्ताहरू कर्म गरेर
अल्छीहरू अल्छी गरेरै पनि
यहाँ केवल मरिरहेका छन्-
कोही बाँचिरहेका छैनन्,
मृत्युचुम्बन गरिरहेका छन् ।

सायद तिमी
सास फेर्नुलाई,
चोला फेर्नुलाई
वा प्रेममा मात्र पनि
अभ्यस्त हुनुलाई बाँच्नु ठान्छौ
त्यसोभए,
तिमी त्यही सासमा, चोलामा

वा अनहद् प्रेममै पनि मरिरहेका छौ
तिमीले कहिल्यै आफूलाई
लाससिवाय केही पाउनेछैनौ ।

संसार कहीँ जीवन हुँदै होइन
मृत्युसिवाय यहाँ कुनै जीवन छँदै छैन
आजभोलि
तिमीहरूजस्तै
म पनि
प्रभातमा
साँझमा
प्रेममा
विछोडमा
दयामा
घृणामा
विद्यालय/कार्यालय/भोकालय
यहाँसम्म कि,
मेरी आमाले
चुइने थालमा पस्केर दिएको निस्तो चोइलीमा समेत
मृत्यु मात्र वरण गरिरहेको छु
आफैं मरेर मात्र
तिमीहरूलाई
मृत्युको अद्भूत
जीवनमिथक देखिरहेको छु ।

काठमाडौं ।